# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, मंसिर १४ गते, २०८१ साल (अतिरिक्ताङ्क ३६

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

## केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१

केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम **"केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८१"** रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१ को दफा ३ मा संशोधनः</u> केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ग) मा रहेका "एक जना महिला" भन्ने शब्दहरुको सट्टा "दुई जना महिला" र "तीन जना" भन्ने शब्दको सट्टा "पाँच जना" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल आदेशको दफा २० मा संशोधनः</u> मूल आदेशको दफा २० मा रहेको "पाँचथर" भन्ने शब्दको सट्टा "इलाम" भन्ने शब्द राखिएको छ।

४. <u>मूल आदेशको दफा २४ मा संशोधनः</u> मूल आदेशको दफा २४ को उपदफा (२) मा रहेका "समितिमा रहेका कार्यकारी निर्देशक र" भन्ने शब्दहरू झिकी "निजहरूललाई" भन्ने शब्दको सट्टा "निजहरूलाई" भन्ने शब्द राखिएको छ।

स्वीकृत मितिः- २०८१/०७/२१
प्रकाशन मितिः- २०८१/०८/२६

आज्ञाले,
विशाल घिमिरे
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश